# नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत नियमन आयोमका अध्यक्ष तथा सदस्य नियुक्ति सिफारिस समितिको सूचना

**प्रकाशन मितिः २०७५।७।३०**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ बमोजिम विद्युत नियमन आयोगको अध्यक्ष (एक)तथा सदस्य (महिलासहित चार)पदमा नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता र अनुभव पूरा भएका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले एक्काइस दिनभित्र उक्त ऐनको दफा ७ (१) बमोजिम गठित सिफारिस समिति समक्ष तपसिल बमोजिमका कागजात तथा बिवरण सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. विद्युत नियमन आयोग नियमावली, २०७५को अनुसूची-१ बमोजिमको आवेदन (आवेदन साथ व्यक्तिगत विवरण, नोटरी पब्लिकबाट प्रमाणित शैक्षिक योग्यताका प्रति र कार्य अनुभव सम्बन्धी कागजात),
२. विद्युत नियमन आयोग नियमावली, २०७५ अनुसूची-२ बमोजिमको स्वघोषणा,
३. कार्ययोजनाको ढाँचा र यस सम्बन्धी थप जानकारी सिफारिस समितिको सचिवालयबाट प्राप्त गर्न सकिनेछ।

**द्रष्टव्य :**

१. यो सूचना बमोजिमको आवेदन तथा सम्वद्ध कागजातहरु ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा रहेको सिफारिश समितिको सचिवालयमा पेश गर्नुपर्नेछ।
२. आवेदनसाथ आवश्यक कागजात तथा विवरण संलग्न नभएमा मूल्याङ्कनमा समावेश गरिने छैन र सूचनाको म्याद समाप्त भएपश्चात कुनै पनि कागजात वा विवरण स्वीकार गरिने छैन।
३. आवेदन पेश गरेका उम्मेदवारहरु मध्ये प्रारम्भिक छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र कार्ययोजना प्रस्तुतिको लागि इमेल वा एसएमएस वा टेलिफोनबाट सूचित गरिनेछ।